# गलातीको पुस्तकमा सुसमाचार
# ("The Gospel in Galatians")

लेखक:
कार्ल पी. कोसार्ट

अनुवादक
भजुराम श्रेष्ठ

पब्लिशिङ्ग डिपार्टमेन्ट अभ्
सेभेन्थ-डे एडभेन्टिस्ट चर्च,
नेपाल फिल्ड

(Publishing Department of Seventh-Day Adventist
Church, Nepal Field)

यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:
१२५०१ ओल्ड कोलम्विया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: सोराया होनायुरी, सहयोगी सम्पादकः जर्ज ब्लेसर र एस्थर डोस
प्रकाशक अधिकृत: ली अलेक्जेण्डर ग्रीभ
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्नेः जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग**

प्रथम संस्करण : २०६८ (ई.सं. २०११)
पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान साउथरन एशिया डिभिजन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
प्रकाशन सहयोगी - अमर पोते
कम्प्यूटर लेआउट तथा आवरण चित्र
सुजीत कुमार साह

**(बाइबल साथमा लिएर यस पुस्तकलाई अध्ययन गर्नुहोला)**

अनुवादकको अनुरोधः पाठकवृन्धहरूले यस अध्ययनमा भएका त्रुटिहरू औंल्याएर सुधार गर्न सुझाव दिनुभएमा अनुवादक आभारित हुनेछन्

**प्रकाशक**
पा. उमेश कुमार पोखरेल,
निर्देशकः पव्लिशिङ्ग डिपार्टमेन्ट नेपाल फिल्ड अभ एसडिए चर्च, फोनः ६६३७१८१, umsan@wlink.com.np
सम्पर्कः-
पास्टर कुबेर लामिछाने ☎ ९८४१७१५०९५
एल्डर कपिल बानिया ☎ ९८५१०९४२२५
एल्डर भजुराम श्रेष्ठ, ☎ ५५२७८३० **bhajupurna@gmail.com**

# भूमिका

## गलातीको पुस्तकमा सुसमाचार

पावलले लेखेको गलातीको पुस्तकलाई आत्मिक “बम" पनि भनिन्छ। इसाई जगतमा यो पुस्तक विस्फोटक धर्मदर्शनको रूपमा खडा भएको छ। रोमीको पुस्तकपछि गलातीबाहेक अरू यस्तो कुनै पुस्तक छैन होला जसले मानिसको जीवनमा आत्मिक सुधार, मनोक्रान्ती तथा आमूल षरिवर्तन ल्याउन उल्लेखनिय भूमिका खेल्दछ। यस पुस्तकले मानिसको चासोमा आगोको झिल्का जस्तै गरेर काम गर्दछ। यहि रोमीको पुस्तकको साथमा गलातीको पुस्तकले प्रोटेस्टेन्ट अर्थात् पोपलाई यस संसारमा येशूको एक मात्र प्रतिनिधि मान्ने रोमन क्याथोलिक चर्चलाई चुनौती दिने सुधारवादी इसाईहरूलाई जन्म दिएको थियो। एक दिन मध्यकालिन युगका क्याथोलिक धर्मगुरू तथा भीक्षु मार्टिन लुथर गलातीको पुस्तक पढिरहेको थिए। विश्वासबाट मात्र मानिस धार्मिक ठहरिन्छ भन्ने यस पुस्तकमा उल्लेखित गौरवमय सुसमाचारले उनको हृदयमा क्षेपास्त्र अर्थान बाणले छेडेको जस्तो अनुभव उनले गरे। यस पुस्तकले उनको जीवनमा यस्तो आध्यात्मिक क्रान्ति ल्यायो की त्यस बिषयमा उनले यसरी लेखेः “गलातीहरूको निम्ति लेखिएको प्रेरणादायी पत्र मेरो पत्र हो। यस पत्रसँग मैले वैवाहिक सम्वन्ध गाँसेको छु।" यो कुरा उनले पन्द्रौं शताव्धीमा व्यक्त गरेका थिए। सुसमाचार केन्द्रित यस वचनले मे २४, सन् १७३८मा लण्डनको अलडरसगेट स्टिटमा जोन वेसलीको जीवनलाई आमूल परिवर्तन गरेको थियो। वेसली अत्यन्त प्रभावशाली प्रचारक थियो। उनको जीवनमा परिवर्तन भएकोले सारा अङ्ग्रेजी बोल्ने मानिसहरूमा आध्यात्मिक परिवर्तनको थालनी त्यहाँबाट भयो।

गलातीको पुस्तकप्रति सेभेन्थ-डे एडभेन्टिस्टहरू पनि अत्यन्त ॠणी छन्। गलातीकै पुस्तकलाई पढेर प्रशिद्ध प्रचारकहरू इ. जे. वागनर र ए. टी. जोन्सले सन् १८८० र ९०को दशकमा विश्वासद्वारामात्र धार्मिकता प्राप्त हुन्छ भन्ने सत्यलाई सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले पुनः पत्ता लगाउन यस पुस्तकले सहयोग गरे।

मानिसको अध्यात्मिक जीवनमा आमूल परिवर्तन ल्याउन गलातीको पुस्तकले शक्तिशाली भूमिका खेलेकोले यसमा के तत्वहरू छन् त? धेरै मानिसहरूको हृदयमा यसले किन छोयो त?

येशू भक्तहरूको जीवनमा अध्यात्मिक परिवर्तन ल्याउन प्रेरणा दिने गलातीको पुस्तक निकै प्रभावशालीको रूपमा खडा भएको छ। यसमा के छ जसले पाठकहरूलाई त्यस्तो आध्यात्मिक मनोक्रान्तीको स्तरमा ल्याउँदछ? धेरै मानिसहरूको हृदयमा छुन यो पुस्तक किन सक्षम् भयो? गलातीको पुस्तक जस्तै बाइबलमा अरू पुस्तक बिरलै होलान् जसले येशूभक्तहरूको आत्माको समृद्धीलाई नभैनहुने विभिन्न विषयवस्तुहरूलाई छुँछन्। साँच्चो स्वतन्त्रता, मुक्तिमा परमेश्वरको व्यवस्थाको भूमिका, येशूमा रहन्दा हुनुपर्ने हाम्रो जीवनको अवस्था, पवित्र आत्माले अगुवाई गरेको जीवन जस्ता जल्दाबल्दा विषयहरू पावलले यस गलातीको पुस्तकमा छलफल गर्दछन्। साथै विश्वव्यापी निरन्तर रूपमा चासोको विषय रहेको प्रश्न पनि पावलले औंल्याउँछन्: पापी, दुष्ट, आतङ्ककारी मानिस पवित्र र न्यायी परमेश्वरको सामु कसरी सद्दे भएर उभिन सक्छ र?

हुन त रोमी जस्तै अरू पुस्तकहरूमा पनि ती जिज्ञासाहरूको बारेमा छलफल गरेको हामी पाउँछौं। तर गलातीको पुस्तक अलि भिन्नै खालको छ। यो पुस्तक छोटो र स्पष्ट छ। उचित आध्यात्मिक अर्थपूर्ण जीवन बिताउन सम्वोधन गरेका बिभिन्न अत्यावश्यक तथा समसामयिक विषय वस्तुहरूलाई अत्यन्त शक्तिशाली तथा मानिसको हृदयलाई छुने लेखन शैलीमा यो पुस्तक लेखिएको छ। यो पुस्तक पढ्दा आज पनि मानिसको हृदयले परमेश्वरको आत्मालाई खोज्न राजी भएको हामी पाउँछौं।

पावलको यो पत्रले सामूहिक रूपमा मात्र नभएर प्रत्येक पाठकलाई व्यक्तिगत रूपमा आफूलाई नै बोलेको अनुभव हुन्छ। तर यदि यो पत्र कोर्न ऐतिहासिक पृष्ठभूमीको बारेमा ज्ञान भयो भने यसलाई झन गहिरो गरि बुझ्न सक्दछौं।

पावलले सुरूमा लेखेका विभिन्न पत्रहरूमा यो पत्र पहिलो पत्र हुनसक्दछ भनेर बाइबलका धेरै विद्वानहरूले विश्वास गर्दछन्। यो पत्र प्रख्यात येरुसलेमको सभा (प्रेरित १५) पछि सन् ४९मा लेखिएको हुनसक्छ।

इसाई पत्रमा यो सबभन्दा पुरानो हुनसक्दछ। प्रेरितको पुस्तक र यस गलातीको पुस्तकले औँल्याएको अनुसार घमासान वाकयुद्धको बिचमा चर्च स्थापना भएको थियो। त्यसको मूल विषय थियो गैर-यहूदीहरूले मुक्तिको समाचार सुन्न के हक छ? (यहूदीहरूले अन्य जाती तथा गैर-यहूदीहरूलाई म्लेच्छ वा तुच्छ ठान्दथे)। गैर-यहूदीहरूले केवल येशूलाई मात्र विश्वास गरेर मुक्ति पाइन्दैन भनेर कतिपय इसाई भएका यहूदीहरूले विरोध गरेका थिए। मोसाले दिएका व्यवस्था (प्रेरित १५:१) र खतनाको संस्कार पनि गैर-यहूदीहरूले पालन गर्नुपर्छ भनेर तिनीहरूले दावी गरेका थिए। गैर-यहूदीहरूले स्थापना गरेको गलातीको चर्चमा पनि ती यहूदी इसाईहरू पसेर तिनीहरूलाई यहूदीको मूल धारमा ल्याएर ठिक पार्नुपर्छ भन्ने समाचार पावलले थाहा पाउँदा उनी क्रुद्ध भए। त्यसलाई त्यत्तिकै नछोड्ने भनेर पावलले निर्णय गरे। धार्मिक रितिथितिलाई पालन गर्दा मुक्ति पाइन्छ भन्ने झुठो सुसमाचारको सन्देशले येशूको कामको औचित्यलाई समाप्त गर्छ भन्ने कुरा पावललाई थाहा थियो। त्यसकारण येशूको विशुद्ध सुसमाचारको रक्षाको निम्ति उनले गलातीहरूलाई कडा पत्र लेखेको थियो। ती यहूदी इसाईहरूको चुनौति र शिक्षा झुठा हुन् भनेर सरल र स्पष्ट तर कडा शव्द प्रयोग गरि यो पत्र उनले लेखेको थियो।

गलातीहरूलाई येशू ख्रीष्टमा मात्र सत्यवादी भएर बस्नु भनेर अनुरोध गरि लेखेको पावलको पत्र सँगै पढौं भनेर पाठकवृन्धहरूलाई यस पुस्तकद्वारा हामी हार्दिक निमन्त्रणा गर्दछौं। फेरि त्यसै वखत यस गलातीको पुस्तकले सुसमाचारको आत्मज्ञानमा हामी कत्तिको परिपक्व छौं भनेर जाँच्ने अवसर पनि हामीहरूलाई दिँन्छ। यो पुस्तक पढेपछि परमेश्वरको आत्माले काम गरेर हामीहरूको हृदयमा आध्यात्मिक परिवर्तन आउन् र येशूमा परमेश्वरले हाम्रो निम्ति के काम गर्नुभयो भन्ने ज्ञान पत्ता लगाउन सहयोग गरुन् भन्ने हाम्रो हार्दिक आशा छ।

बाइबलका विज्ञ कार्ल कोजार्ट सेभेन्थ-डे एडभेन्टिस्टले संचालन गरेको वालावाल युनिभर्सिटीको सह-प्राध्यापक हुनुहुन्छ। उहाँले त्यहाँ नयाँ नियम र प्रारम्भिक इसाई इतिहास पढाउनुहुन्छ। यो युनिभर्सिटी अमेरिकाको वाशिङ्गटन राज्यको कलेज प्लेस, वालावालमा छ।

## विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १ | पावल | १ |
| २ | पावलको अधिकार र सुसमाचार | १३ |
| ३ | सुसमाचारको एकता | २५ |
| ४ | विश्वासद्वारामात्र दोषमुक्ति | ३७ |
| ५ | पुरानो करारको विश्वास | ४९ |
| ६ | प्रतिज्ञाको महत्त्वपूर्णता | ६१ |
| ७ | विश्वासतिर लम्किने वाटो | ७३ |
| ८ | दासत्वबाट उत्तराधिकारी | ८५ |
| ९ | पादरीको हैशियतले पावलको निवेदन | ९७ |
| १० | दुई किसिमका करार | १०९ |
| ११ | येशू ख्रिष्टमा पूर्ण स्वतन्त्रता | १२१ |
| १२ | पवित्र आत्माद्वारा जीउने | १३३ |
| १३ | सुसमाचार र चर्च | १४५ |
| १४ | क्रुसमा गर्व | १५७ |

# अस्थाई पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन आश्विन ७-पौष १५, २०६८ (सेप्टेम्वर २४-डिसेम्वर ३०, २०११)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | आश्विन ७-१३(सेप्टेम्वर २४-३०) |
| २ | अध्याय २ | आश्विन १४-२०(अक्टोबर १-७) |
| ३ | अध्याय ३ | आश्विन २१-२७(अक्टोबर ८-१४) |
| ४ | अध्याय ४ | आश्विन २८-कार्तिक ४(अक्टोबर १५-२१) |
| ५ | अध्याय ५ | कार्तिक ५-११(अक्टोबर २२-२८) |
| ६ | अध्याय ६ | कार्तिक १२-१८(अक्टोबर २९-नभेम्वर ४) |
| ७ | अध्याय ७ | कार्तिक १९-२५(नभेम्वर ५-११) |
| ८ | अध्याय ८ | कार्तिक २६-मार्ग २(नभेम्वर १२-१८) |
| ९ | अध्याय ९ | मार्ग ३-९(नभेम्वर १९-२५) |
| १० | अध्याय १० | मार्ग १०-१६(नभेम्वर २६-डिसेम्बर २) |
| ११ | अध्याय ११ | मार्ग १७-२३(डिसेम्बर ३-९) |
| १२ | अध्याय १२ | मार्ग २४-पौष १(डिसेम्बर १०-१६) |
| १३ | अध्याय १३ | पौष २-८(डिसेम्बर १७-२३) |
| १४ | अध्याय १४ | पौष ९-१५(डिसेम्बर २४-३०) |

प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| अध्याय / बार | | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|---|
| १ | आश्विन ७-१३(सेप्टेम्वर २४-३०) | | | | | | | |
| २ | आश्विन १४-२०(अक्टोबर १-७) | | | | | | | |
| ३ | आश्विन २१-२७(अक्टोबर ८-१४) | | | | | | | |
| ४ | आश्विन २८-कार्तिक ४(अक्टोबर १५-२१) | | | | | | | |
| ५ | कार्तिक ५-११(अक्टोबर २२-२८) | | | | | | | |
| ६ | कार्तिक १२-१८(अक्टोबर २९-नभेम्वर ४) | | | | | | | |
| ७ | कार्तिक १९-२५(नभेम्वर ५-११) | | | | | | | |
| ८ | कार्तिक २६-मार्ग २(नभेम्वर १२-१८) | | | | | | | |
| ९ | मार्ग ३-९(नभेम्वर १९-२५) | | | | | | | |
| १० | मार्ग १०-१६(नभेम्वर २६-डिसेम्बर २) | | | | | | | |
| ११ | मार्ग १७-२३(डिसेम्बर ३-९) | | | | | | | |
| १२ | मार्ग २४-पौष १(डिसेम्बर १०-१६) | | | | | | | |
| १३ | पौष २-८(डिसेम्बर १७-२३ | | | | | | | |
| १४ | पौष ९-१५(डिसेम्बर २४-३०) | | | | | | | |